मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## मधेशका पूर्वाधार आयोजना
### अनुगमन गर्न प्रतिनिधिसभाको उपसमिति गठन

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा सञ्चालित पूर्वाधार विकास, ऊर्जा, जलस्रोत तथा सिँचाइसँग सम्बन्धित आयोजना र कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्न प्रतिनिधिसभाको पूर्वाधार विकास समितिअन्तर्गत मधेश प्रदेश उपसमिति गठन गरिएको छ। उपसमितिमा सांसद तपेश्वर यादव, डा. मो. फिरदोश आलम, यशोदा कुमारी, राजकिशोर महतो कोइरी र रामाकान्त प्रसाद चौरसिया सदस्य रहेका छन्। उपसमितिले मधेश प्रदेशभित्र पूर्वाधार विकास समितिको कार्यक्षेत्रमा पर्ने मन्त्रालय, सरकारी निकाय तथा विभिन्न आयोजनाको व्यवस्थापन, कार्यसम्पादन र गतिविधिको अध्ययन तथा मूल्यांकन गर्नेछ। अनुगमनका क्रममा देखिएका विषयलाई समेटेर आवश्यक टिप्पणी र सिफारिस सहित पूर्वाधार विकास समितिमा प्रतिवेदन पेस गरिने सांसद यादवले बताए। उपसमितिले आयोजनामा सार्वजनिक सम्पत्तिको हिनामिना भए– नभएको तथा प्रचलित ऐन, नियम र सम्झौताअनुसार काम भइरहेको छ वा छैन भन्ने विषयमा समेत अध्ययन गर्नेछ।

● वर्ष ४ ● अंक २८७ ● २०८३ साल असोज ०७ गते बुधबार ● Wednesday 23, September 2026 ● सूर्योदयः बिहान ०५:५२ बजे ● सूर्यास्तः साँझ ०६:०० बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# भारत न चीन, प्रधानमन्त्री अमेरिका प्रस्थान



**मधेशदृष्टि**
**वीरगंज।**
प्रधानमन्त्री बनेपछि पहिलोपटक भारत जाने कि चीन भनेर सधैँ राजनीति तरंगित हुन्थ्यो। यसपटक प्रधानमन्त्री ती दुवै देश गएनन्। प्रधानमन्त्रीको पहिलो विदेश भ्रमण नै अमेरिकाबाट सुरु भएको छ।
प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी हुन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै मंगलबार अमेरिकाको न्युयोर्क प्रस्थान गरेका छन्।
उनी त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट मंगलबार साँझ कतार एयरवेजको विमानमार्फत कतारको दोहा हुँदै त्यसतर्फ प्रस्थान गरेको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिइन्।
प्रधानमन्त्री शाहलाई कतारको दोहास्थित हमाद अन्तरराष्ट्रिय विमानस्थलमा कतारका लागि नेपालका कार्यवाहक राजदूत कुमार राई र दूतावासका वरिष्ठ अधिकारीहरूले स्वागत गर्नेछन्।
प्रधानमन्त्री शाह दोहाबाट स्थानीय समयअनुसार बुधबार १:४५ बजे न्युयोर्कतर्फ प्रस्थान गर्नेछन्। उनलाई न्युयोर्कस्थित जोन एफ केनेडी अन्तरराष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापा, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत शरदराज अरनलगायतका अधिकारीहरूले स्वागत गर्नेछन्।
सोही दिन प्रधानमन्त्री शाह संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगमा पुग्नेछन्। त्यहाँ उनलाई भ्रमणका विषयमा परराष्ट्र सचिव, संयुक्त राष्ट्रसङ्का लागि नेपालका स्थायी प्रतिनिधि, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत र न्यूयोर्कस्थित नेपालका महावाणिज्यदूतले ब्रिफिङ गर्नेछन्। त्यसलगत्तै प्रधानमन्त्री शाहको सम्मानमा नेपालका लागि स्थायी प्रतिनिधिले आयोजना गर्ने समारोहमा सरिक हुने कार्यक्रम छ।
असोज ८ गते प्रधानमन्त्री शाह र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबीच भेटवार्ता हुनेछ। त्यसलगत्तै प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसङ्घको महासभालाई नेपालको तर्फबाट सम्बोधन गर्नेछन्।
असोज ९ गते प्रधानमन्त्री शाह न्युयोर्कबाट दोहाका लागि प्रस्थान हुनेछन्। उनलाई न्युयोर्कस्थित जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि थापा, अमेरिकाका लागि नेपालका कार्यवाहक राजदूत अरनलगायतका अधिकारीहरूले बिदाइ गर्नेछन्।
प्रधानमन्त्री शाह यही असोज १० गते स्वदेश फर्कने तालिका छ।

**अर्थमन्त्री वाग्लेले कार्यभार**
प्रधानमन्त्री वालेन्द्र शाह संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै

*बाँकी पृष्ठ ३ मा*

## मेयर यादवको पुनरावेदन अस्वीकृत
# जेल सजाय कायमै



**मधेशदृष्टि**
**रौतहट।**
फतुवा विजयपुर नगरपालिकाका निलम्बित मेयर गोपाल राय यादवको भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले पुनरावेदन अस्वीकार गरेको छ।
लालबकैया नदीको ढुंगा, गिट्टी तथा बालुवा ठेक्का प्रकरणमा विशेष अदालत काठमाडौँले गरेको फैसलाविरुद्ध यादवले दायर गरेको पुनरावेदनमा सोमबार सर्वोच्च अदालतले 'पुनरावेदन जिकिर नपुगेको' आदेश दिएको हो।
न्यायाधीशद्वय सपना प्रधान मल्ल र महेश शर्मा पौडेलको संयुक्त इजलासले यस्तो आदेश दिएको हो।
आदेशसँगै विशेष अदालतले यादवलाई सुनाएको तीन वर्ष कैद र १५ लाख रुपैयाँ जरिवानाको फैसला कायम रहने भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०७५/७६ मा लालबकैया नदीको नदीजन्य पदार्थ ठेक्कामा अनियमितता भएको दाबी गर्दै यादवसहित २१ जनाविरुद्ध २०७९ असार १२ गते विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। अख्तियारले स्थानीय तहलाई १ करोड ५३ लाख ५० हजार १ सय ९९ रुपैयाँ नोक्सानी भएको दाबी गरेको थियो।

## बालकलाई प्रलोभनमा पारेर चाँदीको बाला निकाल्दै गर्दा रौतहटमा एक पक्राउ

**मधेशदृष्टि**
**रौतहट।**
रौतहटमा ससाना बालबालिकालाई ललाईफकाई तथा प्रलोभनमा पारेर उनीहरूले लगाएका चाँदीका बाला निकाल्ने गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सर्लाहीको मलंगवा नगरपालिका–३ का ४४ वर्षीय दिनेश साह रहेका छन्। उनलाई इलाका प्रहरी कार्यालय गंगापिपराको टोलीले रौतहटको दुर्गा भगवती गाउँपालिका–३ मत्सरीबाट पक्राउ गरेको हो।
प्रहरीका अनुसार मंगलबार बिहान स्थानीय राजेश पण्डितका सात वर्षीय छोरा गुड्डु पण्डितलाई प्रलोभनमा पारेर उनको हातमा रहेको चाँदीको बाला निकाल्दै गरेको अवस्थामा साहलाई नियन्त्रणमा लिइएको हो। पक्राउ परेका साहलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहट पठाइएको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार साह केही दिनअघि मत्सरीमै शंकर झाको घरमा भएको चोरी तथा लुटपाटको घटनामा समेत संलग्न रहेको हुन सक्ने प्रारम्भिक जानकारी प्राप्त भएको छ। उक्त घटनाका सम्बन्धमा समेत थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।
जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी बसन्त गौतमले साह पक्राउ परेको पुष्टि गर्दै घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएका छन्।

# महिला कबड्डीमा नेपालको जित



**काठमाडौँ।**
जापानको इची–नागोयामा भइरहेको २०औँ एसियाली खेलकुद प्रतियोगिताअन्तर्गत महिला कबड्डीमा नेपाल विजयी भएको छ। नेपालले थाइल्यान्डलाई पराजित गरेको हो।
समूह 'बी' मा रहेको नेपालले जापानको टोकाइ सिटिजेनमा आज भएको पहिलो खेलमा थाइल्यान्डलाई ४६–४३ अङ्कले पराजित गरेको हो। खेलको पहिलो हाफमा नेपालले कमजोर खेल प्रदर्शन गरेको थियो। नेपाल पहिलो हाफमा १५–२४ अङ्कले पछि परेको थियो।
नेपालले दोस्रो हाफमा पुनरागमन गरेको थियो। दोस्रो हाफमा नेपालले ३१ अङ्क जोड्न सफल भयो। थाइल्यान्डले भने १९ अङ्क मात्र जोड्न सक्यो। समूह 'बी' मा नेपाल र थाइल्यान्डका साथै श्रीलङ्का र चाइनिज ताइपेइ रहेका छन्। नेपालले बुधबार समूह चरणको दोस्रो खेलमा चाइनिज ताइपेइसँग खेल्ने महिला टोलीका प्रशिक्षक पार्वती राईले जानकारी दिइन्। उनले आजको खेलबाट नेपाली टोली उत्साहित भएको बताइन्।
चार टोली सहभागी समूह 'बी'बाट शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्। यस्तै समूह 'ए' मा भारत, बङ्गलादेश, जापान र इरान रहेका छन्। यसअघि सन् २०२३ मा चीनको हाङझाउमा सम्पन्न १९औँ एसियाली खेलकुद प्रतियोगितामा नेपालले महिला कबड्डीमा कास्य पदक प्राप्त गरेको थियो।

# कांग्रेसमा गगन निर्विकल्प




**अर्घाखाँची।**
नेपाली कांग्रेसकी उपसभापति पुष्पा भुसालले पार्टीको नेतृत्वमा गगनकुमार थापाको विकल्प नरहेको बताएकी छन्।
उपसभापति भुसालले पार्टीको १५औँ महाधिवेशनलाई एकताको महाधिवेशन बनाउँदै आन्तरिक गुट–उपगुटको अन्त्य गरी बलियो, सक्षम र जनतासँग जोडिएको कांग्रेस निर्माण गर्नुपर्ने बताइन्। रिपोटर्स क्लब नेपाल, लुम्बिनी प्रदेशले मंगलबार सन्धिखर्कमा गरेको साक्षात्कार कार्यक्रममा उनले भनिन्, 'कांग्रेसको नेतृत्वमा अहिले गगनको विकल्प छैन।'
पार्टीको १५औँ महाधिवेशन एकताको महाधिवेशन बन्नुपर्ने उल्लेख गर्दै उपसभापति भुसालले आन्तरिक गुटको अन्त्य गर्दै सबै पक्षलाई समेटेर बलियो र सक्षम कांग्रेस निर्माण गर्नुपर्नेमा जोड दिइन्। कांग्रेसको अहिलेको मुख्य जिम्मेवारी आन्तरिक समस्या समाधान गर्दै सङ्गठनलाई बलियो बनाउनु र पार्टीलाई जनताको पार्टीका रूपमा पुनःस्थापित गर्नु रहेको उनको भनाइ थियो।
पन्ध्रौँ महाधिवेशनको प्रमुख कार्ययोजना नै अग्रजलाई सम्मान र युवालाई जिम्मेवारी दिनु रहेको उपसभापति भुसालले बताइन्। उनले कांग्रेसलाई आन्तरिक रूपमा बलियो बनाएर लोकतान्त्रिक मूल्य, राजनीतिक स्थिरता र मुलुकको विकासका मुद्दामा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याइन्।

# आजदेखि लगातार पर्ने वर्षा कति डरलाग्दो छ ?

**काठमाडौँ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र गृहमन्त्री सुधन गुरुङले 'मौसम पूर्वानुमान एवं बुधबारदेखि देशभर वर्षाको गतिविधि बढ्ने भन्ने' विषयमा जानकारी लिएका छन्।
मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले बङ्गालको खाडीमा विकसित भइरहेको न्यूनचापीय प्रणालीको प्रभावले बुधबारदेखि वर्षाको गतिविधि बढ्ने जनाएको थियो। बङ्गालको खाडीमा विकसित भइरहेको बलियो न्यूनचापीय क्षेत्रबारे जानकारी लिन मंगलबार मन्त्रीद्वय मौसम विज्ञान विभाग पुगेका हुन्। उनीहरूले पानी पार्ने प्रणालीबाट नेपालमा पर्न सक्ने प्रभावबारे विभागका अधिकारीबाट ब्रिफिङ लिएको विभागले जनाएको छ।
'प्रणालीको प्रभावले बुधबारदेखि नै नेपालमा पानी पर्ने गतिविधि बढ्न सक्छ। यसबारे विभागले नियमित जानकारी गराउने छ,' विभागले जनाएको छ।



सम्पादकीय

# छोरामोहले छोरीको आगमन रोक्छ कि ?

नेपालको तराई–मधेश क्षेत्रमा जनसांख्यिकीय रूपान्तरणको नयाँ लहर देखा परेको छ। शिक्षामा पहुँच, चेतनाको विकास र जीवनयापनको बढ्दो लागतका कारण मधेशमा प्रजनन दर घट्दो क्रममा छ। विगतमा धेरै सन्तान जन्माउने परम्परा रहेको यस क्षेत्रमा अहिले साना र सीमित परिवारप्रति आकर्षण बढेको छ। पछिल्ला राष्ट्रिय तथ्याङ्कहरूले पनि मधेशमा सन्तान जन्माउने दर अपेक्षाभन्दा तीव्र रूपमा घटेको देखाउँछन्, जुन सामाजिक–आर्थिक दृष्टिकोणले सकारात्मक सङ्केत हो।

तर, जनसंख्याको यो घट्दो वृद्धिदरसँगै एउटा गम्भीर सामाजिक विडम्बना झन् सतहमा आएको छ–छोरा मोहको निरन्तरता। सन्तानको संख्या घटाउने निर्णय सर्वव्यापी बन्दै गए पनि 'कम्तीमा एउटा छोरा हुनैपर्छ' भन्ने परम्परागत मानसिक सोचमा खासै परिवर्तन आउन सकेको छैन। पहिले धेरै सन्तान जन्माउँदा स्वतः छोरा जन्मिने सम्भावना रहन्थ्यो भने अहिले सीमित सन्तान मात्र जन्माउने निर्णय गर्दा छोरा प्राप्तिको दबाब झनै तीव्र बनेको छ। यसले दम्पतीहरूलाई मनोवैज्ञानिक तनावमा मात्र धकेलेको छैन, छोरीको अधिकार र अस्तित्वमाथि नै प्रश्नचिह्न खडा गरिदिएको छ।

प्रविधिको दुरुपयोगले यो समस्यालाई अझ भयावह बनाएको छ। आधुनिक भिडियो एक्स–रे (अल्ट्रासाउन्ड) सेवाको गैरकानुनी प्रयोग गरी गर्भमा रहेको शिशुको लिङ्ग पहिचान गर्ने र छोरी भए गर्भपतन गराउने कुप्रथा भित्रभित्रै मौलाउँदै गएको छ। यसले गर्दा मधेशका कतिपय जिल्लामा जन्मकालीन लिङ्ग अनुपातको सन्तुलन बिग्रिन थालेको छ, जुन भविष्यको समाजका लागि गम्भीर जनसांख्यिकीय सङ्कट बन्न सक्छ। प्रजनन दर घट्नु आफैँमा नराम्रो होइन, तर लिङ्ग चयनका आधारमा छोरीको अस्तित्व नै समाप्त पारिनु मानव अधिकार र सामाजिक न्यायको ठाडो उल्लङ्घन हो।

छोरा मोह पछाडि केवल चेतनाको कमी मात्र नभई गहिरो सामाजिक र आर्थिक संरचना जिम्मेवार छ। दाइजो प्रथाको भारी, वंश धान्ने अन्धविश्वास, र बुढेसकालको सहारा छोरा नै हो भन्ने परम्परागत मान्यता अझै समाजमा जरा गाडेर बसेका छन्। छोरीलाई 'अर्काको घर जाने धन' वा आर्थिक भारका रूपमा हेर्ने दृष्टिकोण कायम भएसम्म केवल साक्षरता बढेर मात्र यो समस्या हल हुँदैन।
भौतिक पूर्वाधार र चेतनामा केही सुधार आए पनि छोरीप्रतिको पुरातन सोच बदलिन नसक्नुले मधेशको चेतना अझै पितृसत्तात्मक संरचनाबाट मुक्त हुन नसकेको पुष्टि गर्छ।

तसर्थ, मधेशमा देखिएको यो जनसांख्यिकीय विरोधाभासलाई चीर्न राज्य र समाज दुवै तहबाट एकीकृत प्रयास आवश्यक छ। गैरकानुनी रूपमा लिङ्ग पहिचान गरी भ्रुणहत्या गराउने स्वास्थ्य संस्था र दम्पतीमाथि कडा कानुनी कारबाही गरिनुपर्छ। साथै, दाइजो उन्मूलन, छोरीको शिक्षा र उनीहरूको आर्थिक स्वावलम्बनका लागि चलाइएका अभियानहरूलाई नारामा मात्र सीमित नराखी व्यवहारमा उतार्न जरुरी छ। सन्तानको संख्या घट्नु आधुनिकताको सूचक हुन सक्छ, तर छोरीले जन्म लिन पाउने वातावरण नबनेसम्म मधेशको सामाजिक रूपान्तरण सधैँ अधुरै रहनेछ।

# पैरेटो सिद्धान्तबाट 'मल्टीब्यागर स्टक'को खोजी



–अचुतकुमार ओझा

पुँजी बजार लगानीमा सफलताका लागि लगानीकर्ताले आ–आफ्नो रणनीति बनाउने गर्दछन्। कोही लगानीकर्ता छोटो समयका लागि लगानी गर्छन्, केही लगानीकर्ताले लामो समयका लागि लगानी गर्छन्। लगानीकर्ताको आफ्नो आवश्यकता, क्षमता, योग्यता र उपलब्ध समयको आधारमा लगानीमा फरक रणनीति रहने गर्दछ। एकथरी लगानीकर्ता नियमित लाभांश प्राप्तिका लागि पुँजी लगाई रहेका हुन्छन्, यी भन्दा फरक थरी लगानीकर्ता लाभांश र पुँजीगत लाभका लागि लगानी गर्छन्।

अर्काथरी लगानीकर्ता व्यवसाय र कम्पनीको नेतृत्वमा जानका लागि लगानी बढाई रहेका हुन्छन्। यी सबैका रणनीति र आकाङ्क्षा आफ्नो लगानीलाई सफलतापूर्वक वृद्धि र विस्तार गर्नु हो। यसका लागि आफू अनुकूलको लगानी सिद्धान्त प्रयोग गर्नु हरेक सफल लगानीकर्ताको रणनीतिक सुझबुझ बन्न जान्छ। लगानीमा एकै किसिमको रणनीतिले सफलताको शिखरमा पुग्न दिँदैन। यसका लागि परिस्थितिअनुसार उपयुक्त सिद्धान्तलाई हतियार बनाउन सक्नु नै लगानी कुशलताको साँचो हुन जान्छ।

**के हो पैरेटो सिद्धान्त ?**

अर्थशास्त्री विल्फ्रेडो पैरेटोले सन् १८९५ मा यस सिद्धान्तको बारेमा पहिलो पटक लेखेका थिए। समाजमा मानिस स्वभाविक रुपले दुई भागमा बाँडिएका हुन्छन्। पहिलो महत्वपूर्ण अल्पमत हो, जो पैसा र प्रभावको सन्दर्भमा शीर्षस्थ २० प्रतिशतभित्र रहन्छन्। दोस्रो तुच्छ बहुमत हो, जो ८० प्रतिशतमा रहेका हुन्छन्। यही सिद्धान्त लगभग सारा आर्थिक गतिविधिको वास्तविकता हो। तपाईंकै २० प्रतिशत प्रयासले ८० प्रतिशत परिणाम दिलाउँछ, तपाईंकै २० प्रतिशत उत्पादनले ८० प्रतिशत आम्दानी दिन सक्छ। तपाईंसँग भएको २० प्रतिशत ग्राहकले नै ८० प्रतिशत वस्तु तथा सेवा खरिद गरिरहेका हुन्छन्। तपाईंकै कम्पनीको २० प्रतिशत कर्मचारीले ८० प्रतिशत कामको व्यवस्थापन गरिरहेका हुन्छन्।

पैरेटो सिद्धान्तको असली अर्थ थोरैले धेरै परिणाम दिन्छ भन्ने बुझाई हो। त्यो धेरै परिणाम दिने काम, लगानी बिक्री, ग्राहक, कर्मचारी, वस्तु वा सेवा पहिचान गर्न सक्नु नै सफलताको मूल आधार हो। पैरेटो सिद्धान्तलाई ८०÷२० को सिद्धान्तले चिनिन्छ। यसको अर्थ तपाईंले गर्ने २० प्रतिशत कामले ८० प्रतिशत परिणाम दिन्छ। बाँकी ८० प्रतिशत कामले २० प्रतिशत मात्रै परिणाम दिने गर्छ। यस सिद्धान्त जीवनका हरेक क्षेत्रमा प्रयोग गरेर हेर्न सकिन्छ। तपाईंले खर्च गरिरहेको समयमध्ये ८० प्रतिशत समय आलटाल र परिणामुखी काममा खेर गइरहेको हुन सक्छ बाँकी २० प्रतिशत समय मात्रै परिणाममुखी कार्यमा खर्च भएको हुन सक्छ। यसलाई पहिचान गरेर बचाउन सक्ने हो भने उक्त समयलाई उपलब्धिमूलक कार्यमा प्रयोग गर्न सकिन्छ। तपाईंले गरेको २० प्रतिशत लगानीको कारण ८० प्रतिशत प्रतिफल पाइरहनु भएको हुन्छ। अनि ८० प्रतिशत लगानीले केवल २० प्रतिशत आम्दानी गरिरहेको हुन्छ। यसैको खोजी गर्नु र त्यसबाट आफूलाई लाभावित गर्नु नै पैरेटो सिद्धान्तको मूल ध्येय हो। यस सिद्धान्तले काममा कुशलता, परिणाममा वृद्धि, लगानीमा सफलता, प्रतिफलमा उच्चता र जीवनमा समयसँगै मुनाफा बढोत्तरी गर्न मद्दत पुग्ने देखिन्छ।

**लगानीमा पैरेटो सिद्धान्तले कसरी काम गर्छ ?**

विश्वमा आम्दानी र सम्पत्ति कसरी बाँडिएको छ भन्ने विषयमा तयार गरिएको विश्व असमानता प्रतिवेदन २०२५ को तथ्याङ्कलाई हेर्दा विश्वका माथिल्लो १० प्रतिशत मानिससँग ७५ प्रतिशत सम्पत्ति, बीचका ४० प्रतिशतसँग २३ प्रतिशत र तल्लो ५० प्रतिशतसँग केवल दुई प्रतिशत सम्पत्ति रहेको देखिन्छ। विश्वमा भएका सम्पत्तिलाई रु १०० र जम्मा जनसंख्या १०० बराबर मान्ने हो भने धनी दश जना (१० प्रतिशत) सँग रु ७५, बीचका ४० जना (४० प्रतिशत) सँग रु २३ र गरिब ५० जना (५० प्रतिशत) सँग रु दुई मात्र हुन्छ। तब यो कसरी सम्भव भयो भनेर धनसम्बन्धी अध्ययन गर्ने विश्वका महारथीहरुका अनुसन्धानले के निष्कर्ष निकाल्यो भने ५० प्रतिशत मानिससँग भन्दा १० प्रतिशत मानिससँग ३७ दशमलव पाँच गुणा बढी सम्पत्ति जम्मा हुनुको मूलकारण उनीहरुसँग ती कम्पनी र आयोजनाहरु छ, जसले ९० प्रतिशत मानिससँग भएको आयोजनाले भन्दा सयौँ गुणा बढी आम्दानी र मुनाफा दिन सक्छन्। यसैले धनी अझै धनी हुँदै धन जम्मा गर्न सफल भएका छन्।

धनीहरुले के बुझेका छन् भने हरेक लगानी र आयोजना मल्टिब्यागर हुन सक्दैनन् तर जोसँग यस्ता परियोजनाहरु छन्, तिनीहरुलाई एक प्रतिशत धनीको श्रेणीमा उक्लिन कसैले रोक्न सक्दैन। यसको अर्थ के हो भने तपाईंसँग कतिवटा व्यवसाय छ भन्ने भन्दा ती व्यवसायले कति प्रतिफल दिनसक्छ भन्ने महत्वपूर्ण हुने गर्छ। कयौँ व्यवसाय भएका व्यक्ति पनि बैंकक्रप्ट हुने गर्छन्। अनि केही राम्रा व्यवसाय भएका व्यक्ति सम्पन्न भएका देखेका छौँ। कुनै समय एउटा मिलिनियर जन्मन कयौँ दशक लाग्थ्यो, समय बदलियो यो क्रम एकै दशकमा सम्भव देखियो। यस्तो समय यसरी दुरतगतिमा घट्यो यो पाँच वर्षमा सम्भव हुन आयो, आजकाल यो एक दुई वर्षमा सम्भव हुने गरेको छ।

तपाईंकै धन वृद्धि तपाईंले छनोट गर्नुभएको व्यवसायमा निर्भर गर्छ। जब तपाईंले छनोट गर्नुभएको कम्पनीले अन्यले भन्दा कयौँ गुणा बढी लाभ दिनसक्ने क्षमता राख्छ, अरुसँग १०, २० वा ३० वटा परियोजना भए पनि तपाईंकै एउटै व्यवसाय भारी पर्ने गर्छ। लगानी गर्दा सबै व्यवसाय एकै किसिमको हुँदैन, तपाईंसँग भएका १० व्यवसायमध्ये दुईवटाले दिने लाभ बाँकी आठवटाले दिनेभन्दा बढी हुन सक्छ। यस्तै बजारमा शेयर बिक्री गरेर नेप्सेमा दर्ता भएका कम्पनीहरुमध्ये २० प्रतिशतले जति प्रतिफल दिन सक्छन् ८० प्रतिशतले त्यो मुनाफा दिन सक्दैनन्।

तपाईंले खरिद गरेका शेयरमध्ये २० प्रतिशतले जुन मुनाफा तपाईंलाई दिने गरेको छ बाँकी ८० प्रतिशतले सो बराबरको नाफा नदिन सक्छ। कयौँ परिस्थितिमा त नकारात्मक परिणामसमेत देखिने गर्छ। नेप्सेमा हेर्ने हो भने युनिलिभर नेपाल, राष्ट्रिय बीमा कम्पनी, बोटलर्स नेपाल (बालाजु) लिमिटेड र बोटलर्स नेपाल (तराई) लिमिटेडले दिएको प्रतिफल त्यही समयमा अन्य कम्पनीको तुलनामा सयौँ गुणा बढी हुने गर्छ।

पैरेटो सिद्धान्तले लगानीकर्तालाई गराउने सजगता र सुझाव भनेकै तपाईं त्यस्तो स्टकको खोजीमा लाग्नुहोस् जुन स्टक २० प्रतिशतभित्र परुन्। अर्थात् तपाईंसँग भएको ८० प्रतिशत शेयरले बराबर वा अझ बढी प्रतिफल २० प्रतिशत शेयरले दिइरहेको हुने गर्छ। तपाईंले त्यो २० प्रतिशतलाई चिनेर मात्रै आफ्नो लगानी गर्नु बढी बुद्धिमान हुने देखिन्छ। पैरेटोले भने जस्तै हामीले गर्ने लगानीको २० प्रतिशतले जुन लाभ दिन सक्छ ८० प्रतिशत लगानीले पनि नदिन सक्छ। पैरेटोले भने जस्तै २० प्रतिशत गतिविधिले दिने परिणाम ८० प्रतिशत कामले दिनेभन्दा उच्च हुन सम्भव छ भने लगानीमा पनि कयौँ यस्ता अवसरहरु बजारमा हुने गर्छ, त्यसलाई पहिल्याउन जरुरत छ। चाहे व्यवसाय निमार्ण गर्ने कुरामा होस् वा पुँजी बजारमा लगानी गर्ने सवालमा हामीले त्यस्ता लाभदायक पारस पथर चिन्न सक्यौ भने आर्थिक सफलता सजिलै सम्भव देखिन्छ। यस्ता कयौँ राष्ट्रिय र अन्तरराष्ट्रिय अवस्थाहरुलाई उदाहरणको रुपमा हामीले हेर्न सक्छौँ, (जस्तै मेटा कम्पनी, क्रिप्टो करेन्सी, अमेजन, एप्पल र टिकटक कम्पनी आदि) जुन कम्पनी र त्यसको शेयरमा सुरुआती दिनमा जसले लगानी गरे ती लगानीकर्ताले सधैँ अथाह लाभ पाइरहेका छन्।

**पुँजी बजारमा ८०/२० को नियम कसरी लागू गर्न सकिन्छ ?**

पैरेटो सिद्धान्तको मूल मर्म नै २० प्रतिशतबाट ८० प्रतिशत प्रतिफल आउने गर्छ भन्ने विश्वास हो। त्यसो हो भने हरेक लगानीकर्ताले यो सिद्धान्त थाहा पाएसँगै उसले लगानीमा बदल्नुपर्ने रणनीति भनेकै अब ८० प्रतिशतमा नभई २० प्रतिशतमा पर्ने कम्पनी र शेयरको खोजी गर्नु र त्यसैमा आफ्नो धन लगाउनु हो। 'कमन स्टक अनकमन प्रोफिट'का लेखक फिलिप फिसरले भने जस्तै 'शेयरहरु हेर्दा उस्तै देखिएता पनि त्यसले दिने प्रतिफल भने फरक हुने गर्दछ।' मात्रै लगानीकर्ताले आफ्नो ज्ञान, योग्यता, क्षमता, पुँजी र समयमा सुहाउँदो शेयर खोज्न सक्ने हो भने मल्टिब्यागर स्टक पाउने निश्चित छ।

अन्त्यमा तपाईंकै लगानीलाई बढी प्रतिफलमुखी र उच्च सम्पत्ति सिर्जना गर्ने बजाउन थप अध्ययन, अनुसन्धान, विश्लेषण र मूल्याङ्कन गरी अवसर खोज्ने बानीको विकास गर्न आवश्यक छ। आफ्नो लगानीलाई तुच्छ बहुमत ८० प्रतिशतबाट महत्वपूर्ण अल्पमत २० प्रतिशतमा सार्न सक्नु नै लगानी सफलताको मुख्य आधार हो। लगानीकर्ताले अब नअमल्ली पैरेटो सिद्धान्तले देखाएको प्रतिफलमुखी बाटोमा आफ्नो लगानीका पाइलालाई अगाडि बढाउन सक्नुपर्छ। यसबाट लगानीमा सफलता भेटाउन सकिन्छ।

# शीतभण्डार आयोजना अलपत्र,
## किसानको जग्गा सात वर्षदेखि उपयोगविहीन

–सुदीप राउत/रासस

लहान नगरपालिका–११ पडरियाका आठ जना किसानले शीतभण्डार निर्माणका लागि आफ्नो एक बिघा दुई कट्ठा कृषियोग्य जग्गा ३० वर्षका लागि भाडामा दिए। जग्गा भाडामा दिएको अहिले सात वर्ष बितिसक्यो। न त उक्त जग्गामा शीतभण्डार निर्माण भएको छ न त किसानले जग्गाको उपभोग नै गर्न पाएका छन्।

मधेश प्रदेश सरकारको महत्वाकाङ्क्षी योजनाका रूपमा विसं २०७५ फागुन ११ गते तत्कालीन भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले पडरियामा शीतभण्डारको शिलान्यास गर्नुभएको थियो।

शीतभण्डार निर्माण भएपछि सिरहा र सप्तरीका किसानले आँप, आलु तथा मौसमी तरकारीलगायत कृषिउपज सस्तो मूल्यमा बिक्री गर्नुपर्ने वा बजार नपाएर खेर फाल्नुपर्ने समस्या हट्ने सरकारको अपेक्षा थियो। सात वर्षपछि निर्माणस्थलमा अधुरा संरचना, झाडी र पशु चराउने ठाउँबाहेक केही बाँकी छैन।

एक हजार ५०० मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि २०७५ माघ ७ गते सप्तरीको मलेकपुरस्थित शुभनारायण कृषि व्यावसायिक फर्मसँग रु १७ करोड ३२ लाख ७१ हजार ५६ मा सम्झौता भएको थियो। सम्झौताअनुसार आयोजनामा प्रदेश सरकारको ८० प्रतिशत र सम्बन्धित फर्मको २० प्रतिशत साझेदारी रहने व्यवस्था थियो।

सम्झौतापछि फर्मले मन्त्रालयबाट पहिलो किस्ताबापत रु एक करोड भुक्तानी लिएको थियो। सो रकमबाट कार्यालय भवनको 'डिपिसी' र केही भागमा 'कम्पाउन्ड वाल' निर्माणलगायत प्रारम्भिक काम भए पनि त्यसपछि निर्माण अघि बढ्न सकेन।

आयोजना सुरु गर्दा पर्याप्त पूर्वतयारी र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) बिना प्रक्रिया अघि बढाइएको, लागत अनुमान र कार्यान्वयन प्रक्रियामा कमजोरी देखिएको तथा भुक्तानी र छानबिनका विषय उठेपछि आयोजना अघि बढ्न नसकेको प्रदेश सरकारका अधिकारीहरू बताउँछन्।

अधुरो संरचनामै हराउँदै निर्माण सामग्री

निर्माण रोकिएपछि पडरियास्थित शीतभण्डारको संरचना संरक्षणविहीन बनेको स्थानीयको भनाइ छ। निर्माणस्थलमा रहेका फलामे रड चोरी भएको तथा केही पिलर फुटाएर फलाम निकालिएको स्थानीय बताउँछन्।

स्थानीय किसान राजेन्द्रप्रसाद साहले निर्माणस्थल संरक्षणविहीन हुँदा सरकारको लगानीसँगै निर्माण सामग्री नोक्सान भइरहेको बताउनुभयो। 'पिलर फुटाएर फलाम निकालिएको छ, बाँकी फलामे रड पनि हराउँदै गएका छन्। सरकारले बनाउने भनेर छाडेको संरचना अहिले संरक्षण गर्ने मान्छे नभएको जस्तो देखिन्छ,' उहाँले भन्नुभयो।

किसानले भाडा पाएनन्

शीतभण्डार बन्ने आशामा पडरियाका आठ किसानले करिब एक बिघा दुई कट्ठा उब्जाउ कृषि जग्गा ३० वर्षका लागि भाडामा दिएका थिए। प्रतिकट्ठा वार्षिक रु आठ हजारका दरले भाडामा दिइएको उक्त जग्गाको वार्षिक भाडा करिब रु एक लाख ७६ हजार हुने सम्झौता थियो।

निर्माण अलपत्र परेपछि किसानले जग्गाको भाडा मात्र होइन, भाडामा दिएको जग्गामा खेतीपातीसमेत गर्न पाएका छैनन्। स्थानीय किसान सुरतलाल चौधरीका अनुसार नेपाली चौधरी, सियाराम चौधरी, जीवन चौधरी, प्रकाश चौधरी, सीताराम चौधरी, अन्तिलाल चौधरी, बिन्तीलाल चौधरीसहित आठ जनाले शीतभण्डार निर्माणका लागि जग्गा भाडामा दिएका थिए।

जग्गादाता नेपाली चौधरीले शीतभण्डारका लागि जग्गा दिएको सात वर्षदेखि भाडा नपाएको बताउनुभयो। उहाँका अनुसार अहिलेसम्म रु १२ लाखभन्दा बढी भाडा पाउन बाँकी छ। 'शीतभण्डार बनाउने भनेकाले जग्गा दियौँ। न शीतभण्डार बन्यो, न भाडा आयो। खेतीपाती गर्न पाएनौँ,' उहाँले भन्नुभयो।

जग्गादाता जीवन चौधरीले आफूले साढे चार कट्ठा उब्जाउ जग्गा शीतभण्डार निर्माणका लागि दिएको बताउनुभयो। निर्माणको जिम्मा पाएको फर्मका सञ्चालकलाई खोज्दै राजविराजसम्म पुगे पनि भेट्न नसकेको र फोन सम्पर्कसमेत हुन नसकेको उहाँको भनाइ छ। 'न संरचना बन्यो, न जग्गाको भाडा आयो। न त खेतीपाती गर्न पाइयो। अहिले जङ्गल र झाडी मात्रै बाँकी छ,' उहाँले भन्नुभयो।

प्रदेशका आठ शीतभण्डारको अवस्था उस्तै

लहानको आयोजना मात्र होइन, मधेश प्रदेश सरकारले आव २०७५/७६ देखि अघि बढाएका अधिकांश शीतभण्डार आयोजना अझै सञ्चालनमा आउन सकेका छैनन्। प्रदेशका सात जिल्लामा आठ शीतभण्डार निर्माणका लागि करिब रु एक अर्ब ७९ करोड ९३ लाख बराबरको सम्झौता भए पनि अधिकांश आयोजना फाउन्डेशन, माटो फिलिङ र कम्पाउन्ड वालमै सीमित छन्।

धनुषाको लक्ष्मीनियाँमा एक हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जनहित कृषक समूहसँग रु १६ करोड ६५ लाखमा सम्झौता भएको थियो। समूहका अध्यक्ष ललितनारायण यादवका अनुसार कृषकको लगानी रहेको उक्त आयोजनामा हालसम्म करिब रु तीन करोड खर्च भए पनि प्रदेश सरकारबाट रु ८१ लाख ५० हजार मात्र प्राप्त भएको छ।

पर्साको वीरंगज–२६ सुगौलीमा पाँच हजार मेट्रिकटन क्षमताको शीतभण्डार निर्माणका लागि शिवम् एग्रो इन्डस्ट्रिजसँग रु २७ करोड ८२ लाख ९९ हजारमा सम्झौता भएको थियो। त्यहाँ प्रारम्भिक 'लेआउट'को कामभन्दा अरु अघि बढेको छैन। वीरगन्जकै अर्को आयोजनामा ग्लोबल लेदर ट्रेडिङ इन्डस्ट्रिजसँग रु १७ करोड ११ लाखमा सम्झौता भए पनि कम्पाउन्ड वालसम्मको काम भएको छ।

बाराको सिम्रौनगढमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि अमन मत्स्य फार्मसँग रु २४ करोड ७४ लाख ८४ हजारमा सम्झौता भएको थियो। त्यहाँ फाउन्डेशनसम्मको काम भएको छ। रौतहटको गरुडा–१ मा राष्ट्रिय हर्बल प्रोसेसिङ प्रालिसँग रु २६ करोड ८५ लाखमा सम्झौता भएको आयोजना पनि अलपत्र छ।

सर्लाहीको बरहथवा–५ मा एक हजार ५०० मेट्रिकटन क्षमताको शीतभण्डारका लागि लवकुश बचत तथा ऋण सहकारी संस्थासँग रु १८ करोड ३५ लाखमा सम्झौता भएको थियो। त्यहाँ माटो फिलिङ र फाउन्डेशनबाहेक काम हुन सकेको छैन।

सप्तरीको राजविराज–भल्हीमा तीन हजार मेट्रिकटन क्षमताको शीतभण्डारका लागि जिल्ला सहकारी संस्थासँग रु ३१ करोड पाँच लाखमा सम्झौता भएको थियो। साठी प्रतिशत काम सम्पन्न भएको दाबी गरिए पनि आयोजना अझै सञ्चालनमा आएको छैन। यस आयोजनामा सङ्घीय सहकारी विभागबाट रु सात करोड १७ लाख र प्रदेश सरकारबाट रु एक करोड चार लाख भुक्तानी भइसकेको छ।

लेखक तथा राजनीतिक विश्लेषक राजेश विद्रोहीले राजनीतिक स्वार्थका आधारमा आयोजना छनोट गर्ने, बजेट विनियोजन गर्ने तर कार्यान्वयनको जिम्मेवारी र जवाफदेहितामा बेवास्ता गर्ने प्रवृत्तिले विकास आयोजना अलपत्र पर्ने गरेको बताउनुभयो।

उहाँका अनुसार योजना छनोटदेखि ठेक्का, सम्झौता र बजेट खर्चसम्मका प्रक्रियामा राजनीतिक प्रभाव, अनियमितताले स्थान पाउँदा आयोजना समयमै सम्पन्न हुन नसक्ने अवस्था देखिन्छ। 'आयोजना छनोट हुन्छ, बजेट पनि खर्च हुन्छ तर वर्षौंसम्म सम्पन्न हुँदैन भने त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न उठ्छ,' उहाँले भन्नुभयो, 'यस्ता आयोजना अलपत्र पर्नुमा राजनीतिक स्वार्थसँगै कार्यान्वयनमा हुने ढिलासुस्ती, अनियमितता र कमजोर जवाफदेहिता पनि जोडिएको हुन्छ।'

**अख्तियार र महालेखाको प्रश्न**

शीतभण्डार निर्माणका क्रममा योजना छनोट, लागत निर्धारण, सम्झौता तथा भुक्तानी प्रक्रियामा प्रश्न उठेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबिन अघि बढाएको थियो।

विसं २०७९ मा पडरियासहित प्रदेश सरकारले विभिन्न जिल्लामा अघि बढाएका शीतभण्डार आयोजनामा अनियमितता भएको उजुरी परेपछि सम्बन्धित फाइल मन्त्रालयबाट झिकाएर अनुसन्धान गरिएको थियो।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा सञ्जयकुमार यादवका अनुसार शीतभण्डार निर्माणका क्रममा भएका केही भुक्तानीलाई महालेखापरीक्षक र अख्तियारका प्रतिवेदनमा बेरुजुका रूपमा औँल्याइएको छ।

आयोजना कार्यान्वयनमा देखिएका कानुनी तथा नीतिगत जटिलताका कारण प्रदेश सरकारले आवश्यक निर्णय नगरेसम्म आयोजना अघि बढाउने वा नयाँ ढङ्गले व्यवस्थापन गर्ने विषयमा स्पष्ट दिशा आउन कठिन रहेको उहाँले बताउनुभयो।

त्यस्तै, मन्त्रालयका प्रवक्ता मनिषकुमार पालका अनुसार तत्कालीन प्रदेश सरकारले विभिन्न जिल्लामा सुरु गरेका शीतभण्डारसम्बन्धी केही विषय अदालतमा विचाराधीन छन्।

'शीतभण्डार प्रदेशको गौरवको योजना भए पनि यो धेरै गिजोलिएको छ। विगतमा धेरै कमीकमजोरी देखिएका छन्,' उहाँले भन्नुभयो, 'यसलाई अब अगाडि बढाउन प्रदेश सरकारले कानुनी र नीतिगत निर्णय लिनुपर्छ। नत्र सम्भव छैन।'

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# अतिक्रमित घर टहरा हटाइयो



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–२० अपौनीमा सार्वजनिक जग्गा अतिक्रमण गरी बनाइएका घर तथा टहरा हटाइएको छ। नगर प्रमुख राजेशमान सिंहको निर्देशनमा मंगलबार भौतिक अतिक्रमण नियन्त्रण समितिका संयोजक एवं वडा नं. ५ का अध्यक्ष प्रदीपकुमार चौरसियाको नेतृत्वमा नेपाल प्रहरी र नगर प्रहरीको संयुक्त टोलीले अतिक्रमण हटाएको हो।

स्थानीय हृदयनारायण सिंह, लक्ष्मण पण्डित, रमेश सिंह, कृपानारायण सिंह, नन्दकिशोर पुरीलगायत दर्जनौं व्यक्तिले अतिक्रमण गरी बनाएका संरचना हटाएर सार्वजनिक जग्गा खाली गराइएको महानगरपालिकाले जनाएको छ। अतिक्रमणका कारण विगत ६ वर्षदेखि रोकिएको करिब रु. ८४ करोडको विकास योजना अब अघि बढ्ने भएको छ। 'स्वच्छन्द निर्माण सेवा'ले ठेक्का सकार गरे पनि जग्गा खाली नभएका कारण काम सुरु हुन सकेको थिएन। लामो समयदेखि रोकिएको विकास योजना अघि बढ्ने भएपछि स्थानीयवासीले महानगरपालिकाको कदमको स्वागत गरेका छन्।

# १९५ बिरुवा नष्ट गरिएको वन क्षेत्रमा वडा कार्यालयबाटै हकभोगको सिफारिस

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको बर्दिबासस्थित सागरनाथ वन परियोजनाअन्तर्गतको वन क्षेत्रमा १९५ वटा टिकका बिरुवा नष्ट गरिएको घटनामा नयाँ तथ्य खुलेको छ। बिरुवा नष्ट गरी वन क्षेत्रको जग्गा हडप्न खोजेको आरोप लागेका श्रवण साहलाई सोही क्षेत्रको जग्गा हकभोगका लागि योग्य रहेको भन्दै वडा कार्यालयले सिफारिस दिएको पाइएको छ।

प्राप्त कागजातअनुसार बर्दिबास नगरपालिका–४ का वडाध्यक्ष धीरेन्द्रकुमार सिंहले २०८३ वैशाख १५ गते जानकी साह कानुका छोरा श्रवण साहलाई एक बिघा १३ कट्ठा जग्गा हकभोगका लागि योग्य रहेको सिफारिस दिएका छन्। सिफारिसमा बहादुरगन्ज–४/क को कित्ता नम्बर २० बाट ३३ कट्ठा जग्गा कृषि प्रयोजनका लागि हकभोगयोग्य रहेको उल्लेख छ। सोही क्षेत्रमा गत साउन २८ गते विषाक्त पदार्थ प्रयोग गरी १९५ वटा टिकका बिरुवा नष्ट गरिएको घटना सार्वजनिक भएको थियो। सागरनाथ वन परियोजनाले घटनाको स्थलगत अध्ययन गरी तयार पारेको प्रतिवेदनमा श्रवण साहसहित चार जनालाई कारबाहीका लागि सिफारिस गरिएको छ। बिरुवा नष्ट गरिएको क्षेत्रमै साहको नाममा हकभोगको सिफारिस दिइएको तथ्य सार्वजनिक भएपछि घटनामा मिलेमतो भएको हुनसक्ने आशंका स्थानीयवासीले व्यक्त गरेका छन्।

जग्गा आफ्नो भएको दाबी गर्दै आएका श्रवण साहले उक्त क्षेत्र वनकै जग्गा भएको स्वीकार गरेका छन्। तर, बिरुवा नष्ट गर्ने कार्यमा आफ्नो संलग्नता नरहेको र आफूलाई फसाउन खोजिएको उनको भनाइ छ। वनको जग्गा तथा बिरुवा नष्ट गर्ने गैरकानुनी कार्यसँग जोडेर आफ्नो नाम प्रस्तुत गरिएको भन्दै साहले आपत्ति जनाउँदै आएका छन्।

यद्यपि, वनकै जग्गा भएको जानकारी हुँदाहुँदै उक्त क्षेत्रको ३३ कट्ठा जग्गा हकभोगका लागि वडा कार्यालयबाट सिफारिस लिनु र भूमि आयोगमा त्यससम्बन्धी लागत संकलन गर्नुले घटनामाथि थप प्रश्न उठाएको छ। वन क्षेत्रको जग्गा हडप्ने उद्देश्यले बिरुवा नष्ट गरेको आरोप लागे पनि अनुसन्धान पूरा हुनुअघि नै निष्कर्षमा पुग्नु उचित नहुने कानुन व्यवसायी मदन अर्याल बताउँछन्।

वन क्षेत्रको जग्गा हडप्ने प्रयास भएको विषय सार्वजनिक भएपछि स्थानीयवासीले वडा कार्यालयसँग यसबारे जानकारी मागेका थिए। त्यस क्रममा वडाध्यक्ष सिंहले गत असोज ८ गते राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई दिएको पत्रमा उक्त जग्गाका सम्बन्धमा कसैलाई पनि हकभोगको सिफारिस नदिएको दाबी गरेका थिए। उक्त पत्रमा वन क्षेत्रमा भएको क्षतिमा जोसुकै संलग्न भए पनि कारबाहीका लागि सहयोग गर्ने प्रतिबद्धतासमेत जनाइएको थियो। यसबाट वडा कार्यालयले उक्त क्षेत्र वनअन्तर्गत रहेको स्वीकार गरेको देखिन्छ।

वडाध्यक्ष सिंहले दिएको जानकारीपत्रमा गलत विवरण पेस गरी जग्गाको हकभोग वा अन्य सिफारिस लिएको पाइएमा वडा सहजीकरण समितिको स्थलगत अनुगमन वा दाबी–विरोधको सूचना प्रकाशित भएपछि त्यस्ता झुटा विवरणविरुद्ध उजुरी गर्न सकिने उल्लेख छ। तर, त्यही वडाध्यक्ष सिंहले वैशाख १५ गते श्रवण साहलाई सोही क्षेत्रको ३३ कट्ठा जग्गा कृषि खेतीयोग्य रहेको भन्दै हकभोगका लागि सिफारिस दिएको कागजात सार्वजनिक भएपछि वडा कार्यालयको भूमिकामाथि प्रश्न उठेको छ।

सागरनाथ वन परियोजनाले घटनाको अध्ययन गरी तयार पारेको प्रतिवेदन भदौ ४ गते नै डिभिजन वन कार्यालय, महोत्तरीमा बुझाएको थियो। प्रतिवेदनमा श्रवण साहसहित चार जनामाथि कारबाहीका लागि सिफारिस गरिएको बताइएको छ। तर, प्रतिवेदन बुझाएको एक महिना बितिसक्दा पनि घटनामा कानुनी प्रक्रिया अघि बढ्न सकेको छैन।

यसबीच डिभिजन वन कार्यालय, महोत्तरीका तत्कालीन प्रमुख अजय मिश्र प्रदेश कार्यालयमा सरुवा भएका छन् भने सूर्य मैनाली नयाँ कार्यालय प्रमुखका रूपमा आएका छन्। तत्कालीन कार्यालय प्रमुख मिश्रले आफ्नो सरुवाको कारणमध्ये वन क्षेत्रसँग जोडिएको यही प्रकरण पनि रहेको बताएका छन्।

'मैले यो प्रक्रिया अगाडि बढाउन खोज्दै थिएँ। मेरो सरुवाको कारण यो पनि हो,' मिश्रले भने, 'त्यहाँ ठूलो बदमासी भएको छ। अब वनले थप अनुसन्धान गरिरहेको छ भन्ने मैले पनि सुनेको छु।' हालका कार्यालय प्रमुख सूर्य मैनालीले घटनालाई आफूले गम्भीर रूपमा लिएको र प्राप्त प्रतिवेदनका आधारमा थप अनुसन्धान भइरहेको बताएका छन्। तर, वन परियोजनाले घटनाको प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा बुझाएको लामो समय बितिसक्दा पनि कानुनी प्रक्रिया अघि नबढ्नुको कारणबारे भने प्रश्न उठिरहेको छ।

# उम्मेदवारलाई असहयोग गरेको आरोपमा कांग्रेस सिरहाका ७ नेता निष्कासित

**मधेशदृष्टि**
**सिरहा।**
नेपाली कांग्रेस सिरहाका सात जना नेता–कार्यकर्तालाई पार्टीले एक वर्षका लागि निष्कासन गरेको छ।

गत फागुनमा सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गरेको आरोपमा कांग्रेसको केन्द्रीय अनुशासन समितिले उनीहरूमाथि कारबाही गरेको हो।

३१ भदौमा बसेको केन्द्रीय अनुशासन समिति बैठकले सातै जनालाई पार्टीबाट एक वर्षका लागि निष्कासन गर्ने निर्णय गरेको जनाएको छ। कारबाहीमा पर्नेमा औरही गाउँपालिका–५ का शुभाषकुमार दास, औरही गाउँपालिका–३ का महादेव यादव, सुखीपुर नगरपालिका–६ का क्षेत्रीय सदस्य शत्रुघ्नप्रसाद यादव, धनगढीमाई नगरपालिका–१० का जिल्ला सदस्य निलकुमार राउत रहेका छन्।

त्यस्तै, गोलबजार नगरपालिका सभापति राजदेव साह (लालबाबु), गोलबजार नगरपालिका–९ का सभापति प्रेमशरण यादव र विष्णुपुर गाउँपालिका–५ का प्रदेश अधिवेशन प्रतिनिधि मुरली रायमाझी पनि कारबाहीमा परेका छन्। कांग्रेसको विधान, २०१७ (एघारौँ संशोधनसहित) को धारा ३४ (८) (घ) बमोजिम उनीहरूलाई एक वर्षका लागि पार्टीबाट निष्कासन गर्ने निर्णय गरिएको केन्द्रीय अनुशासन समितिले जनाएको छ।

# नेका वडा नं. १२ को अधिवेशन सम्पन्न



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कांग्रेसको १५ औँ महाधिवेशनअन्तर्गत वीरगंज महानगरपालिका वडा नम्बर १२ मुर्लीको वडा अधिवेशन सम्पन्न भएको छ।

अधिवेशनले नयाँ वडा कार्यसमिति गठन गर्नुका साथै आगामी महाधिवेशनका लागि क्षेत्रीय प्रतिनिधिसमेत चयन गरेको छ। अधिवेशनबाट वडा सभापतिमा जवाहरलाल प्रसाद निर्विरोध चयन भएका छन्। त्यस्तै, उपसभापतिमा मनीर मन्सुरी र महिला उपसभापतिमा अनीता छेत्री चयन हुनुभएको छ।

यस्तै, सचिवमा सन्तोष कर्ण तथा सह–सचिवमा अनिल ओझा चयन हुनुभएको जनाइएको छ। अधिवेशनबाट वडा कार्यसमितिका अन्य आठ जना सदस्यसमेत चयन भएका छन्। अधिवेशनले २३ जना क्षेत्रीय प्रतिनिधि समेत चयन गरेको छ।

# नबिल बैंकको खाता ह्याक गरि रकम ट्रान्सफर

**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाममा रहेको नबिल बैंकको खाताबाट ह्याकरले रकम ट्रान्सफर गरेको घटना सार्वजनिक भएको छ।

जनकपुरधाम उपमहानगरपालिका–८ निवासी रतिश कर्णकी श्रीमती रजनी कर्णको नबिल बैंकमा रहेको खाताबाट उनको जानकारी र स्वीकृतिबिनै ७० हजार १० रुपैयाँ अन्य खातामा ट्रान्सफर भएको पाइएको हो। पिडारी चोकस्थित नबिल बैंक शाखामा रहेको कर्णको खाताबाट मोबाइल बैंकिङमार्फत प्राइम कमर्सियल बैंकमा रहेको मो. शेख फैजल जमालको खातामा रकम ट्रान्सफर भएको बैंकको स्टेटमेन्टमा देखिएको छ। बैंकमा पुग्दा आफ्नो खाताबाट ह्याकरले रकम निकासा गरेको जानकारी पाएपछि रजनीले प्रहरीमा उजुरी दिएकि छिन।

घटनाबारे जिल्ला प्रहरी कार्यालय धनुषाले अनुसन्धान अघि बढाएको छ।

# रास्वपाको मधेश अधिवेशन अनिश्चित

**मधेशदृष्टि**
**वीरगंज।**
सत्तारुढ दल रास्वपाको मधेश अधिवेशन अनिश्चित बनेको छ।

सांगठनिक अवस्था तथा कार्यसम्पादन अडिटका लागि पार्टीले केन्द्रीय नेताहरूलाई जिम्मेवारी दिएर मधेश पठाएपनि अधिवेशनको अन्योल भने कायमै छ।

सहमहामन्त्री हरि ढकालको नेतृत्वमा संगठन विभाग प्रमुख प्रमोद न्यौपाने, प्रवक्ता जगदीश खरेल, सहप्रवक्ता सुरेन्द्र चौधरी नेताहरू अशोक कुमार चौधरी र पुनम अग्रवाललाई मधेशको वस्तुस्थिति बुझ्न पार्टीले खटाएको थियो।

सहमहामन्त्री ढकालको नेतृत्वको टोलीले मधेशका आठै जिल्लामा पुगेर स्थानीय नेता कार्यकर्ताहरूसँग छलफल गरेको थियो।

पालिका, क्षेत्र, जिल्ला र प्रदेश समिति संरचनामा रहेकाहरूसँग छलफल गरिएको संगठन विभाग प्रमुख प्रमोद न्यौपानेले जानकारी दिए।

# त्रिवेणीमा सडक ढलान सुरु: स्थानीयलाई आवतजावत सहज हुने अपेक्षा

**मधेशदृष्टि**
**कलैया।**
बारा निर्वाचन क्षेत्र नम्बर ४ अन्तर्गत फेटा गाउँपालिका–१ को त्रिवेणीमा सडक ढलान निर्माणको काम सुरु भएको छ। लामो समयदेखि स्थानीयले भोग्दै आएको हिलो र आवतजावतको समस्या समाधान गर्ने उद्देश्यले मंगलबारदेखि सडक ढलान थालिएको हो। सडक ढलान कार्यको उद्घाटन जनता समाजवादी पार्टी (जसपा) नेपालका केन्द्रीय सदस्य सन्जु साहले गरेका थिए।

उद्घाटन कार्यक्रममा फेटा गाउँपालिका–१ का वडा अध्यक्ष बिगन दास तत्मा, विशिष्ट अतिथि मदन साहसहित स्थानीयवासीको सहभागिता रहेको थियो। त्रिवेणीको सडक ढलानका लागि ८ लाख रुपैयाँ बजेट विनियोजन गरिएको जनाइएको छ। सडक निर्माण सम्पन्न भएपछि विशेषगरी वर्षायाममा हिलोका कारण स्थानीयले भोग्दै आएको समस्या कम हुने र दैनिक आवतजावत सहज बन्ने अपेक्षा गरिएको छ।

उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि साहले सडकजस्ता आधारभूत पूर्वाधारले स्थानीयको दैनिकी सहज बनाउनुका साथै गाउँको समग्र विकासमा समेत महत्वपूर्ण भूमिका खेल्ने बताए। उनले विकास निर्माणका काममा गुणस्तर र पारदर्शितालाई विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिए। स्थानीय आवश्यकता र जनताको मागलाई आधार बनाएर पूर्वाधार विकासका योजनालाई निरन्तरता दिनुपर्ने उनको भनाइ थियो।

सडक ढलान सुरु भएपछि त्रिवेणीका स्थानीयवासीले वर्षाको समयमा हिलो तथा सडकको खराब अवस्थाका कारण भोग्नुपर्ने कठिनाइ कम हुने विश्वास व्यक्त गरेका छन्। स्थानीयले सडक निर्माणसँगै गाउँमा आवश्यक अन्य पूर्वाधार विकासका योजनालाई समेत प्राथमिकताका साथ अघि बढाउन माग गरेका छन्। उनीहरूका अनुसार सडक पूर्वाधारको विस्तारले स्थानीय आवतजावत सहज बनाउनुका साथै गाउँको समग्र विकासमा समेत सकारात्मक प्रभाव पार्नेछ।

# जनसरोकारका विषयमा आवाज उठाउन 'जन सरोकार अभियान' गठन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनसरोकारका विषयलाई संस्थागत रूपमा उठान गर्दै सामाजिक उत्तरदायित्व र सकारात्मक परिवर्तनका लागि 'जन सरोकार अभियान' गठन गरिएको छ। जनकपुरधाम उद्योग वाणिज्य संघको सभाहलमा मंगलबार बिहान बसेको बैठकले 'जन सरोकार अभियान (पब्लिक कन्सर्न इनिसिएटिभ)' नामक संस्था दर्ता गर्ने निर्णय गरेको हो। सामाजिक अभियानी रघुवीर रायको अध्यक्षतामा बसेको बैठकले अभियानलाई व्यवस्थित रूपमा सञ्चालन गर्न जितेन्द्र महासेठको अध्यक्षतामा तदर्थ समिति गठन गरेको छ।

तदर्थ समितिको उपाध्यक्षमा प्रशान्त झा, महासचिवमा कौशल्या कुशवाहा, कोषाध्यक्षमा अनिल कुमार चौधरी र सचिवमा राजेश कुमार शर्मा चयन भएका छन्। कार्यकारिणी सदस्यमा शत्रुघन मुखिया, निरञ्जन कुमार यादव, गोविन्द कुमार मण्डल र रूपा लामा रहेका छन्। अभियानको वरिष्ठ सल्लाहकारमा रघुवीर राय तथा सल्लाहकारमा कृष्णदेव साह, शंकरप्रसाद साह, परमेश्वर साह, शम्भुनाथ झा, कमलेश मण्डल, प्रमोद साह, सुरेन्द्र दास, शत्रुधन साह, हरी मण्डल, दिनेश सिंह र राजु थापा रहेका छन्।

अभियानले जनअधिकारको संरक्षण, सुशासन तथा पारदर्शिता, शिक्षा, स्वास्थ्य र पोषणमा पहुँच, वातावरण संरक्षण, सरसफाइ, लागूपदार्थविरुद्ध जनचेतना, विपद् तथा राहत सहयोगजस्ता विषयमा काम गर्ने जनाएको छ। त्यस्तै, महिला तथा बालबालिकाको अधिकार, युवा सहभागिता, सामाजिक न्याय, डिजिटलीकरण, रोजगारी तथा उद्यमशीलता प्रवर्द्धनलगायत जनजीवनसँग प्रत्यक्ष जोडिएका विषयमा आवाज उठाउने र आवश्यक पहल गर्ने अभियानको उद्देश्य रहेको जनाइएको छ।

विशेषगरी जनकपुरधामसहित आसपासका क्षेत्रलाई व्यवस्थित, स्वच्छ, सुरक्षित, समावेशी र समृद्ध बनाउन नागरिक, समुदाय, निजी क्षेत्र तथा सम्बन्धित सरकारी निकायबीच सहकार्यको वातावरण निर्माण गर्ने अभियानले जनाएको छ। अभियानमार्फत विभिन्न सामाजिक तथा जनसरोकारका विषयमा सकारात्मक परिवर्तनका कार्यक्रम सञ्चालन गरिने बताइएको छ। समस्या पहिचानदेखि समाधानका लागि पहल गर्नेसम्म जनताको साथमा रहेर काम गर्ने अभियानको प्रतिबद्धता छ।

# नेपाली कांग्रेस जलेश्वर–४ को वडा अधिवेशनमा विवाद, निर्वाचनको माग

**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीको जलेश्वर नगरपालिका–४ मा नेपाली कांग्रेसको वडा अधिवेशनलाई लिएर विवाद उत्पन्न भएको छ। वडा कार्यसमिति र क्षेत्रीय प्रतिनिधि चयनको प्रक्रियाप्रति असन्तुष्टि जनाउँदै वडा समितिका सचिव अनिलकुमार पाण्डेयले निर्वाचनमार्फत नेतृत्व चयन गर्न माग गरेका छन्।

कांग्रेसको १५औँ केन्द्रीय महाधिवेशनअन्तर्गत प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ३ मा पर्ने जलेश्वर–४ मा असोज ४ गते सुगा गाउँमा व्यक्ति विशेषको घरको प्राङ्गणमा भेला गरी वडा कार्यसमितिदेखि क्षेत्रीय प्रतिनिधिसम्म चयन गरिएको भन्दै विवाद भएको हो। वडा सभापति सुरञ्जन पाण्डेयले उक्त भेला एकतर्फी रूपमा सञ्चालन गरी समिति तथा प्रतिनिधि चयन गरेको वडा सचिव अनिलकुमार पाण्डेयको आरोप छ। उनका अनुसार उक्त प्रक्रियामा वडाका ५१ प्रतिशत क्रियाशील सदस्यलाई सहभागी नगराई अलोकतान्त्रिक ढंगले निर्णय गरिएको हो। वडा सभापतिको चयनसमेत निर्वाचन प्रक्रियाबाटै हुनुपर्ने सचिव पाण्डेयको माग छ। उनले जिल्ला तथा केन्द्रीय निर्वाचन समितिसमक्ष एकतर्फी रूपमा गरिएको अधिवेशनलाई अमान्य ठहर गरी निर्वाचन प्रक्रियामार्फत पुनः अधिवेशन सम्पन्न गराउन माग गरेका छन्।

यस्तै, वडा नं. ४ का लागि खटाइएका पर्यवेक्षक अजित ठाकुरको भूमिकामाथि पनि पाण्डेय पक्षले प्रश्न उठाएको छ। १४औँ महाधिवेशनबाट जलेश्वर नगरपालिका–१० को सभापतिमा निर्वाचित ठाकुरलाई पर्यवेक्षकका रूपमा खटाइए पनि उनले अधिवेशनमा निष्पक्ष भूमिका निर्वाह गर्न नसकेको दाबी गरिएको छ।

निर्वाचन समितिले निर्वाचन प्रक्रिया अघि बढाउँदै अधिवेशन सम्पन्न गराउन तत्परता नदेखाए चरणबद्ध आन्दोलनमा जान बाध्य हुने चेतावनी वडा सचिव पाण्डेयले दिएका छन्।

# भारत न चीन...

सहभागी हुन संयुक्त राज्य अमेरिका प्रस्थान गरेपछि उनको अनुपस्थितिमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रधानमन्त्रीले गर्ने दैनिक प्रशासनिक कार्य सम्हाल्ने भएका छन्।

राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्री शाहको सिफारिसमा नेपालको संविधानबमोजिम उनको अनुपस्थितिमा दैनिक प्रशासनिक कार्य सम्हाल्ने गरी अर्थमन्त्री डा. वाग्लेलाई तोकेको राष्ट्रपति कार्यालयका सहायक प्रवक्ता ईश्वरीप्रसाद पाण्डेद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

उच्चस्तरीय राजनीतिक बहस प्रारम्भ

संयुक्त राष्ट्र सङ्घको ८१औँ महासभाअन्तर्गतको उच्चस्तरीय राजनीतिक बहस मंगलबारदेखि प्रारम्भ भएको छ।

यसपटकको महासभा मुख्य रूपमा 'विश्वासको पुनःस्थापना, रूपान्तरणको व्यवस्थापनः सबैको लागि कार्य गर्ने संयुक्त राष्ट्रसङ्घ' भन्ने नारामा केन्द्रित छ। विश्वका सरकार प्रमुख एवं प्रतिनिधिहरूले विश्वव्यापी रूपमा फैलिएका युद्ध, आणविक हतियारको सन्त्रास, गरिबीको चरम अवस्था र जलवायु सङ्कटले निम्तिएको मानवीय एवं पूर्वाधारको क्षतिलगायत विषयमा छलफल गर्नेछन्।

उच्चस्तरीय राजनीतिक बहसमा परराष्ट्रमन्त्री शिशिर खनालले नेतृत्व गरेको प्रतिनिधिमण्डलले नेपालका तर्फबाट महासभामा सहभागिता जनाएको छ। प्रतिनिधिमण्डलमा परराष्ट्र सचिव अमृतबहादुर राई, स्थायी नियोग प्रमुख लोकबहादुर थापालगायत भ्रमण दलका सदस्यहरू, मिशनका कर्मचारीलगायत सहभागी रहेका छन्।

यसपटकको राजनीतिक बहसमा प्रधानमन्त्री वालेन्द्र शाहले बिहीबार अपराह्न सम्बोधन गर्नेे कार्यतालिका रहेको छ। जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको पीडा, जलवायु न्याय, हानी तथा नोक्सानी कोषका विषयमा नेपाली प्रतिनिधिमण्डलको ध्यान केन्द्रित हुने जनाइएको छ।

त्यसैगरी विश्व शान्ति, असंलग्नता, दिगो विकासका लक्ष्य, लैङ्गिक सहभागिता, समावेशितालगायत विषयमा विश्व मञ्चमा नेपालले आफ्ना धारणा प्रस्तुत गर्ने जनाइएको छ।

# छ वर्षसम्मको पारिश्रमिक...

पुनर्विचार गर्न तयार रहेको उनीहरूको भनाइ छ। माग तत्काल सम्बोधन नभए आन्दोलन थप विस्तार गर्ने चेतावनी कर्मचारीहरूले दिएका छन्। आवश्यक परे नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रभावित हुने गरी आन्दोलन अघि बढाउने उनीहरूको भनाइ छ। वडा कार्यालयमा तालाबन्दी वा सेवा बन्द गर्नुपर्ने अवस्था आए त्यसबाट सेवाग्राहीलाई हुने असुविधाको जिम्मेवारी नगरपालिकाले लिनुपर्ने कर्मचारीहरूले बताएका छन्। यद्यपि, सकेसम्म शान्तिपूर्ण रूपमा वार्तामार्फत समस्या समाधान गर्न आफूहरू इच्छुक रहेको उनीहरूको भनाइ छ।

करार कर्मचारीको आन्दोलन लम्बिँदै गए नगरपालिकाको नियमित प्रशासनिक कामसँगै वडा कार्यालयबाट प्रवाह हुने सेवासमेत प्रभावित हुनसक्ने देखिएको छ। कर्मचारीहरूले माग पूरा नभएसम्म धर्ना जारी राख्ने बताएका छन्।

# भदौ महिनामा सवारी दुर्घटनामा वृद्धि

**मधेशदृष्टि**
**कलैया।**
बारामा भदौ महिनामा हत्या, बलात्कार, अपहरण, बालबालिका बेपत्ता तथा रहस्यमय मृत्युका घटनासँगै सवारी दुर्घटना पनि बढेको देखिएका छन्। जिल्ला प्रहरी कार्यालय बाराका अनुसार भदौ महिनामा विभिन्न प्रकृतिका १४४ वटा अपराधसम्बन्धी मुद्दा दर्ता भएका छन्।

यस अवधिमा ८४ वटा सवारी दुर्घटना हुँदा १२ जनाको मृत्यु र १२२ जना घाइते भएका छन्। भदौमा जीतपुरसिमरा–१ की तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या, विश्रामपुरका ११ वर्षीय राजेशकुमार साहको अपहरणपछि भारतमा हत्या तथा नाबालिकामाथि बलात्कारका छुट्टाछुट्टै घटना सार्वजनिक भएका थिए।

यस्तै, केही व्यक्तिको रहस्यमय मृत्यु र चक्कु प्रहारबाट एक जनाको मृत्युका घटना पनि भएका छन्। प्रहरीले सबै घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ। प्रहरी तथ्यांकअनुसार दर्ता भएका मुद्दामध्ये सामाजिक अपराधका ३२, आत्महत्यासम्बन्धी २८, महिला तथा बालबालिकासम्बन्धी १९, सवारी ज्यानसम्बन्धी १३ र ज्यानसम्बन्धी २ वटा मुद्दा छन्।

# दुई दशकअघि वीरगंज विश्वविद्यालयका लागि दिएको एक दिनको तलब, आज अनुसन्धानको घेरामा

*विश्वविद्यालयको सपना अधुरै, संकलित रकममाथि प्रश्नः तत्कालीन क्याम्पस प्रमुख भगवानप्रसाद यादवमाथि सीआईबीको अनुसन्धान ।*



**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंजमा विश्वविद्यालय स्थापना गर्ने अभियान चलेको दुई दशकभन्दा बढी भइसक्यो । विश्वविद्यालय बने वीरगंजको शैक्षिक पहिचान अझ बलियो हुने आशासहित तत्कालीन समयमा हरिखेतान बहुमुखी क्याम्पसका शिक्षक तथा कर्मचारीले आफ्नो एक दिनको तलबसमेत सहयोग गरेका थिए। तर, विश्वविद्यालय स्थापना हुन सकेन। अभियानका क्रममा संकलित रकम कहाँ र कसरी प्रयोग भयो भन्ने प्रश्नसमेत अहिले उठेको छ। यहीबीच विश्वविद्यालयका लागि संकलित रकम रहेको खाताबाट तत्कालीन हरिखेतान बहुमुखी क्याम्पसका प्रमुख भगवानप्रसाद यादवले चेकमार्फत रकम निकालेको विषयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले अनुसन्धान अघि बढाएपछि सहयोग गर्ने शिक्षक तथा कर्मचारी थप अन्योल र निराशामा परेका छन्।

वीरगंजमै विश्वविद्यालय स्थापना हुने र त्यसको आधार हरिखेतान बहुमुखी क्याम्पस बन्ने प्रस्तावले त्यतिबेला क्याम्पसका शिक्षक तथा कर्मचारीमा उत्साह थपेको थियो।

स्थानीयस्तरमै उच्च शिक्षाको बलियो संरचना बन्ने अपेक्षाले उनीहरूले आफ्नो तलबबाट समेत योगदान गरेका थिए। तर, वर्षौं बित्दा पनि विश्वविद्यालयको योजना अघि बढ्न नसक्नु र संकलित रकमको निकासीबारे अनुसन्धान सुरु हुनु उनीहरूका लागि थप निराशाको विषय बनेको छ । हाल हरिखेतान बहुमुखी क्याम्पसका प्रमुख रहेका किशोरी राय त्यसबेला क्याम्पसमै अध्यापनरत थिए। विश्वविद्यालयका लागि तलब योगदान गर्नेहरूमध्ये उनी पनि एक हुन्।

रायका अनुसार वीरगंजमा विश्वविद्यालय स्थापना हुनु केवल एउटा शैक्षिक संस्था निर्माण हुनु मात्र नभई समग्र वीरगंजको प्रतिष्ठासँग जोडिएको विषय थियो । 'वीरगंजमा विश्वविद्यालय बन्ने कुरा वीरगंजकै शानको विषय थियो। स्थानीय शिक्षाको विकासमा पनि यसले ठूलो योगदान गर्छ भन्ने लागेको थियो। त्यसैले हामीले उत्साहित भएर सहयोग गरेका थियौं,' रायले भने, 'तर यति लामो समय बितिसक्दा पनि विषय अलमलमा रहनु र अहिले रकमको विषयमा अनुसन्धानसम्म हुनुले हामी निराश भएका छौं।'

**दुई करोडभन्दा बढी रकम संकलन भएको दावी**

वीरगंज विश्वविद्यालय स्थापना अभियानमा पर्साका तत्कालीन ८२ गाविसमध्ये अधिकांशले आर्थिक सहयोग गरेका थिए। बारा र पर्साबाट निर्वाचित तत्कालीन संविधानसभा सदस्यहरूबाट समेत रकम प्राप्त भएको थियो। उद्योगी, व्यवसायी तथा विभिन्न सामाजिक संघसंस्थाले पनि अभियानमा योगदान गरेका थिए । अभियानका क्रममा दुई करोड रुपैयाँभन्दा बढी रकम संकलन भएको बताइन्छ।

त्यसैक्रममा बारा–पर्साका उद्योगी तथा व्यवसायीको छाता संस्था वीरगंज उद्योग वाणिज्य संघले ५१ लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएको थियो। तर, जग्गा खरिद भएपछि मात्र रकम उपलब्ध गराउने निर्णय भएका कारण संघले प्रतिबद्धता जनाएको रकम भने हस्तान्तरण नगरेको संघका पूर्वअध्यक्ष प्रदीप केडियाले बताए। त्यतिबेला संघका कोषाध्यक्ष रहेका केडियाका अनुसार विश्वविद्यालयका लागि आवश्यक जग्गा व्यवस्थापन हुन नसकेपछि संघबाट रकम उपलब्ध गराउने अवस्था आएन।

'जग्गा किनेपछि रकम दिने भन्ने निर्णय भएको थियो । जग्गा खरीद नै नभएपछि हाम्रो तर्फबाट रकम दिनुपर्ने अवस्था आएन,' उनले भने। त्यसबेला वीरगंजको गण्डक क्षेत्रनजिक रहेको चिनी मिलको जग्गा विश्वविद्यालय सञ्चालनका लागि प्रयोग गर्ने सम्भावनाबारे समेत चर्चा चलेको थियो । तर, जग्गाको व्यवस्थापन हुन नसकेपछि विश्वविद्यालय स्थापनाको प्रक्रिया नै अगाडि बढ्न सकेन।

**विश्वविद्यालय बनेन, खाताको रकम निकासीमाथि अनुसन्धान**

विश्वविद्यालय स्थापना अभियानका क्रममा संकलित रकम वीरगंजस्थित कुमारी बैंकको खातामा जम्मा गरिएको थियो। अहिले यही खाताबाट रकम निकासी भएको विषय प्रहरी अनुसन्धानको केन्द्रमा परेको छ । प्रहरीका अनुसार वीरगंज विश्वविद्यालयको नाममा कुमारी बैंकको वीरगंज शाखामा रहेको खाताबाट तत्कालीन हरिखेतान बहुमुखी क्याम्पस प्रमुख भगवानप्रसाद यादवले चेकमार्फत रकम निकालेको विषयमा अनुसन्धान भइरहेको छ।

कीर्ते गरी रकम निकाली व्यक्तिगत रूपमा अपचलन गरेको आरोपसम्बन्धी विषयमा अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ । सीआईबीले अनुसन्धानसम्बन्धी फाइल जिल्ला प्रहरी कार्यालय पर्सामा पठाएको छ। पर्साका प्रहरी उपरीक्षक पवन भट्टराईले घटनाबारे अनुसन्धान भइरहेको बताए। 'बैंकसँग आवश्यक विवरण मागेर बुझ्ने काम भइरहेको छ । अनुसन्धानका क्रममा प्राप्त तथ्यका आधारमा थप प्रक्रिया अघि बढ्छ,' भट्टराईले भने।

**बैंकको विवरणले देखायो चेकमार्फत रकम निकासी**

विश्वविद्यालयको खातासम्बन्धी विवरण जिल्ला प्रशासन कार्यालय पर्साले पनि मागेको थियो । प्रशासन कार्यालयले गत साउन १ गते कुमारी बैंकको वीरगंज शाखालाई पत्र पठाउँदै खाताको विवरण उपलब्ध गराउन भनेको थियो।

बैंकले साउन ११ गते प्रशासनलाई पठाएको जवाफमा वीरगंज विश्वविद्यालयको नाममा रहेको ००३०००३८९१८०००१ नम्बरको चल्ती खाताबाट भगवानप्रसाद यादवले चेकमार्फत रकम झिकेको विवरण उपलब्ध गराएको छ । यस विषयमा यादवसँग प्रतिक्रिया लिन खोज्दा उनले विस्तृत रूपमा बोल्न चाहेनन्। 'भेटेर कुरा गरौंला' भन्दै उनले फोन काटेपछि पुनः सम्पर्कमा समेत आएनन्। दुई दशकअघि वीरगंजमा विश्वविद्यालय बनाउने सपना बोकेर शिक्षक, कर्मचारी, स्थानीय तह, जनप्रतिनिधि, उद्योगी– व्यवसायी तथा सामाजिक संस्थाले गरेको आर्थिक योगदान अहिले विश्वविद्यालय स्थापनाभन्दा फरक कारणले चर्चामा आएको छ । विश्वविद्यालयको सपना पूरा हुन नसकेको अवस्थामा संकलित रकमको निकासीसम्बन्धी अनुसन्धानले त्यसबेलाका सहयोगकर्ता र सरोकारवालामाझ रकमको पारदर्शिता तथा वास्तविक प्रयोगबारे थप प्रश्न खडा गरेको छ।

# नारायणी अस्पतालमा स्वास्थ्य बीमाका बिरामीलाई ओपीडीकै 'कोटा'को मार

*दैनिक ३२५ जनाको मात्र पुर्जा, संख्या पुगेपछि घण्टौँ लाइन बसेका बिरामी उपचारै नगरी फर्किन बाध्य ।*



**मधेशदृष्टि**
**वीरगंज।**

स्वास्थ्य बीमामार्फत उपचार लिन वीरगंजस्थित नारायणी अस्पताल पुग्ने बिरामीका लागि उपचार पाउनुअघि नै अर्को परीक्षा सुरु हुन्छ ओपीडीको पुर्जा पाउने परीक्षा । बिहानैदेखि अस्पताल पुगेर घण्टौँ लाइनमा बसे पनि निर्धारित संख्या पूरा भएपछि पुर्जा काट्ने काउन्टर बन्द हुन्छ । त्यसपछि पालो कुर्दाकुर्दै रहेका बिरामी उपचार नपाई घर फर्किन बाध्य हुन्छन्।

बाराको कलैया उपमहानगरपालिका–२१ का शिवपुजन चौरसियाले सोमबार यही समस्या भोगे। उनी दिदीको उपचारका लागि बिहान अस्पताल पुगेका थिए। बिहान साढे ९ बजे अस्पताल पुगेकी उनकी दिदी करिब ११ बजेसम्म स्वास्थ्य बीमाको ओपीडी पुर्जा लिन लाइनमा बसिन् । तर काउन्टरमा पुग्ने समय आउनुअघि नै जनरल मेडिकल ओपीडीको निर्धारित संख्या पूरा भयो। पुर्जा वितरण बन्द भएपछि उपचारको आशामा अस्पताल पुगेकी उनकी दिदी उपचार नै नगरी घर फर्किनुप¥यो।

चौरसियाका अनुसार स्वास्थ्य बीमाअन्तर्गत जनरल मेडिकल ओपीडीमा दैनिक ३२५ जनाको मात्र पुर्जा काट्ने व्यवस्था छ । उक्त संख्या पूरा भएपछि लाइनमा रहेका बिरामीको पालो आए पनि उनीहरूले उपचार पाउने अवस्था हुँदैन । 'बिहानै आएर लाइनमा बस्नुपर्छ । घण्टौँ कुर्दाकुर्दै कोटा सकिन्छ । त्यसपछि उपचार नै नगरी फर्किनुपर्छ,' उनले गुनासो गरे।

बाराकै सुवर्ण गाउँपालिका–४ का सत्रुधन यादवको अनुभव पनि उस्तै छ। उनी बिहान सवा ९ बजे आमालाई लिएर नारायणी अस्पताल पुगेका थिए । करिब ११ बजेसम्म लाइनमा बसेपछि पुर्जा वितरण बन्द भयो । उनकी आमाले पनि त्यस दिन उपचार सेवा पाउन सकिनन्।

**ज्येष्ठ नागरिक र टाढाबाट आउने बिरामी झन् मारमा**

स्वास्थ्य बीमामार्फत उपचार लिन आउने बिरामीमध्ये ज्येष्ठ नागरिक, अशक्त तथा टाढाका ग्रामीण क्षेत्रबाट आउनेहरूका लागि छुट्टै सहज व्यवस्था नहुँदा समस्या थप जटिल बनेको बिरामीहरूको गुनासो छ । अस्पतालमा एउटै लाममा ठूलो संख्यामा बिरामी बस्नुपर्ने र तोकिएको संख्या पुगेपछि लाइनमा बसेकाहरूले समेत सेवा नपाउने अवस्था रहेको उनीहरू बताउँछन्।

स्वास्थ्य समस्या लिएर बिहानै अस्पताल पुगेका बिरामीका लागि उपचारभन्दा पहिले पुर्जा पाउनु नै चुनौती बनेको उनीहरूको भनाइ छ । त्यसमा पनि स्वास्थ्य बीमामार्फत उपलब्ध हुने औषधि पर्याप्त नपाउने गुनासो बिरामीको छ । बीमाबाट पाइने औषधि अस्पतालमा उपलब्ध नभएपछि कतिपय महँगा औषधिसमेत बाहिरका पसलबाट किन्नुपर्ने बाध्यता रहेको उनीहरू बताउँछन्।

**जनशक्ति अभावले कोटा तोक्नुपरेको अस्पतालको दावी**

अस्पताल प्रशासन भने सीमित जनशक्ति र भौतिक पूर्वाधारका कारण ओपीडीमा कोटा निर्धारण गर्नुपरेको बताउँछ । नारायणी अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. चितरञ्जन साहका अनुसार स्वास्थ्य बीमाअन्तर्गत जनरल मेडिकलतर्फ दैनिक ३२५, हृदय रोगतर्फ ५० र डायलाइसिसतर्फ ४० जनाको मात्र पुर्जा काट्ने गरिएको छ।

'पर्याप्त चिकित्सक भएको भए कोटा तोक्नुपर्ने अवस्था आउँदैनथ्यो,' साहले भने, 'तर सीमित जनशक्तिका कारण अहिलेको व्यवस्थापन गर्नुपरेको हो।' अस्पतालमा ओपीडीसहित दैनिक करिब १ हजार ४ सय नयाँ बिरामी आउने गरेका छन् । तर स्वीकृत दरबन्दीअनुसार आवश्यक जनशक्ति उपलब्ध नहुँदा सेवा व्यवस्थापन गर्न कठिन भइरहेको अस्पताल प्रशासनको भनाइ छ।

**३२८ शय्या सञ्चालनमा, दरबन्दी भने पुरानै**

अस्पतालका सूचना अधिकारी डा. उदय सिंहका अनुसार अहिले नारायणी अस्पतालमा ३२८ शय्या सञ्चालनमा छन् । तर अस्पतालको जनशक्ति संरचना भने पुरानै दरबन्दीअनुसार कायम छ । पछिल्लो समय आईसीयू, डायलाइसिस, एनआईसीयू, पीआईसीयूलगायतका सेवा थपिए पनि ती सेवाको आवश्यकताअनुसार जनशक्ति थप हुन सकेको छैन । यसको प्रत्यक्ष असर बिरामीको सेवा प्रवाहमा परेको अस्पताल प्रशासनको भनाइ छ।

**४५ शय्याको मेडिकल ओपीडीमा दैनिक ७० नयाँ बिरामी**

अस्पतालको पूर्वाधारको अवस्था पनि बिरामीको चापअनुसार विस्तार हुन सकेको छैन । कतिपय सेवा र काउन्टरसमेत टहराबाट सञ्चालन गर्नुपर्ने अवस्था रहेको अस्पताल प्रशासनले जनाएको छ । मेडिकल ओपीडीमा ४५ शय्या मात्रै छन्। तर दैनिक ६० देखि ७० जना नयाँ बिरामी थपिने गरेका छन् । क्षमताभन्दा बढी बिरामी थपिँदा भर्नाका लागि समेत बिरामीले तीन दिनसम्म कुर्नुपर्ने अवस्था रहेको सूचना अधिकारी सिंहले बताए।

अस्पतालमा बिरामीको संख्या निरन्तर बढिरहेको भए पनि त्यसअनुसार शय्या, चिकित्सक, स्वास्थ्यकर्मी र भौतिक पूर्वाधार विस्तार हुन नसकेको अवस्था छ।

**मन्त्रालयमा पत्राचार, समस्या भने उस्तै**

अस्पताल प्रशासनले आवश्यक जनशक्ति र भौतिक पूर्वाधार थप गर्न स्वास्थ्य मन्त्रालयमा पटकपटक पत्राचार गर्दै आएको जनाएको छ। तर अपेक्षित रूपमा सुधार हुन सकेको छैन। एकातिर सरकारी अस्पतालमा स्वास्थ्य बीमामार्फत उपचार लिन आउने बिरामीको संख्या बढिरहेको छ भने अर्कोतर्फ सीमित जनशक्ति र पूर्वाधारका कारण उपचार सेवामै सीमा लगाउनुपर्ने अवस्था छ।

दैनिक ३२५ जनाको कोटा पूरा भएपछि घण्टौँ लाइनमा बसेका बिरामीसमेत उपचारबाट वञ्चित हुनु स्वास्थ्य बीमाको सेवा पहुँच र अस्पतालको क्षमताबीचको ठूलो खाडलको संकेत हो। बढ्दो बिरामी चापअनुसार जनशक्ति, शय्या र पूर्वाधार विस्तार नगरेसम्म नारायणी अस्पतालमा स्वास्थ्य बीमामार्फत उपचार लिन आउने बिरामीको पुर्जा पाउनेदेखि उपचार पूरा गर्ने अवस्थासम्मको समस्या समाधान हुन कठिन देखिन्छ।

# छ वर्षसम्मको पारिश्रमिक नपाएको भन्दै गढीमाईका करार कर्मचारी धर्नामा

**मधेशदृष्टि**
**रौतहट।**

रौतहटको गढीमाई नगरपालिकाका करार कर्मचारी वर्षौंसम्म काम गरेबापत पाउनुपर्ने पारिश्रमिक भुक्तानी नभएको भन्दै आन्दोलनमा उत्रिएका छन् । बाँकी तलब तत्काल उपलब्ध गराउन माग गर्दै उनीहरूले नगरपालिकाको कार्यालय परिसरमा धर्ना सुरु गरेका हुन् । आन्दोलनरत कर्मचारीहरूले आर्थिक वर्ष २०७७/७८ देखि २०८२/८३ सम्मको बाँकी तलब तथा पारिश्रमिक भुक्तानी गर्न नगरपालिकासँग माग गरेका छन्। नियमित रूपमा कार्यालयमा उपस्थित भएर जिम्मेवारी निर्वाह गर्दै आए पनि लामो समयदेखि पारिश्रमिक रोकिँदा आफूहरू आर्थिक समस्यामा परेको उनीहरूको भनाइ छ । करार सेवामा रहेका कर्मचारीले नगरपालिकाका विभिन्न कार्यालय तथा शाखामा काम गर्दै आएको बताएका छन्। तर, काम गरेबापत पाउनुपर्ने रकम नै लामो समयदेखि नपाएपछि दैनिक खर्च व्यवस्थापनदेखि पारिवारिक दायित्व पूरा गर्नसमेत कठिनाइ भएको उनीहरूको गुनासो छ । धर्नामा सहभागी रामकृष्ण यादवले आफूहरूले नियमित रूपमा काम गर्दै आए पनि पारिश्रमिकसम्बन्धी समस्या लामो समयदेखि समाधान नभएको बताए । पटक–पटक सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदा पनि समस्या समाधान नभएपछि बाध्य भएर कार्यालय



परिसरमा धर्ना दिनुपरेको उनको भनाइ छ।

आन्दोलनरत कर्मचारीहरूले अब आश्वासनमा मात्रै भर पर्न नसक्ने बताएका छन्। वर्षौंदेखि रोकिएको पारिश्रमिकको स्पष्ट हिसाब सार्वजनिक गरी भुक्तानीको ठोस व्यवस्था गर्न उनीहरूले माग गरेका छन्। साथै, बाँकी रकम एकमुष्ट उपलब्ध गराउनुपर्ने उनीहरूको माग छ । कर्मचारीहरूले आफ्नो आन्दोलन कुनै व्यक्ति वा समूहविरुद्ध नभई आफूहरूले गरेको श्रमको पारिश्रमिक प्राप्तिका लागि भएको स्पष्ट पारेका छन् । नगरपालिकाले वार्तामार्फत बाँकी रकम भुक्तानीको स्पष्ट कार्यतालिका ल्याए आफूहरू आन्दोलनबारे

*बाँकी पृष्ठ ३ मा*

# मलको हाहाकार दोहोरिन नदिन सरकारको तयारी, १० अर्बको बजेट सुनिश्चित

**खेती सिजनअघि नै मल खरिद प्रक्रिया अघि बढाइँदै, छिट्टै बोलपत्र आह्वान गर्ने कृषि मन्त्रालयको तयारी।**

**मधेशदृष्टि**
**काठमाडौँ।**

खेतीको मुख्य सिजनमा किसानले रासायनिक मलको अभाव झेल्नुपर्ने विगतको समस्या दोहोरिन नदिन सरकारले अहिलेबाटै तयारी थालेको जनाएको छ । आगामी वर्ष किसानलाई आवश्यक पर्ने मल समयमै उपलब्ध गराउने उद्देश्यसहित कृषि, वन तथा पर्यावरण मन्त्रालयले खरिद प्रक्रिया अघि बढाएको हो।

मन्त्रालयका अनुसार मल खरिदका लागि अर्थ मन्त्रालयबाट १० अर्ब रुपैयाँ बराबरको स्रोत सुनिश्चितता प्राप्त भइसकेको छ । बजेटको सुनिश्चितता भएपछि आवश्यक परिमाणमा रासायनिक मल खरिदका लागि अब छिट्टै बोलपत्र आह्वान गर्ने तयारी भइरहेको मन्त्रालयले जनाएको छ।

मुख्य खेती सिजन सुरु भएपछि मलको खोजीमा किसानले लामो समय लाइन बस्नुपर्ने, अभाव झेल्नुपर्ने तथा महँगो मूल्यमा मल किन्नुपर्ने अवस्था विगतमा देखिँदै आएको थियो । यसपटक भने



त्यस्तो अवस्था आउन नदिन खरिद प्रक्रिया समयमै अघि बढाउन लागिएको मन्त्रालयको भनाइ छ।

मन्त्रालयले किसानको आवश्यकतालाई ध्यानमा राख्दै मल खरिद तथा आपूर्ति व्यवस्थापनलाई प्राथमिकतामा राखेको जनाएको छ । स्रोत सुनिश्चितता भइसकेकाले अब खरिद प्रक्रियालाई तीव्रता दिई आवश्यक मल समयमै ल्याउने तयारी गरिएको मन्त्रालयको दाबी छ।

सरकारले खेती सिजन सुरु हुनुअघि नै मलको पर्याप्त मौज्दात सुनिश्चित गर्ने लक्ष्य राखेको छ। विगतमा सिजन सुरु भएपछि मात्र मल व्यवस्थापनमा तदारुकता देखाउँदा किसानले अभाव र अनिश्चितता भोग्नुपरेको भन्दै यसपटक पूर्वतयारीमै जोड दिइएको मन्त्रालयको भनाइ छ।

अब १० अर्ब रुपैयाँको स्रोतबाट कति परिमाणमा रासायनिक मल खरिद हुन्छ, खरिद प्रक्रिया कति छिटो सम्पन्न हुन्छ र किसानको खेतसम्म समयमै मल पुग्छ कि पुग्दैन भन्ने विषय भने आगामी दिनमा स्पष्ट हुनेछ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन